# जिल्ला समन्वय समितिको कार्यालय
## फिदिम,पाँचथर

**प्रदेश नं. १ नेपाल**

**यस कार्यालय बाट आ.ब.२०७४/०७५ मा खरीद कार्यमा सहभागी हुन सुचीकृत हुने सुचना**

( प्रथम पटक प्रकाशित मितिः २०७४ भाद्र २१गते )

सार्वजनिक खरिद ऐन, २०६३(संशोधित), सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ७० अनुसार सार्वजनिक निकायबाट सोही नियमावलीमा तोकिए बमोजिम हुने खरीद सम्बन्धी कार्यको लागि सम्बन्धित कार्यालयले त्यस्तो खरिदको प्रकृति अनुसार आपुर्तिकर्ता,निर्माण व्यवसायी,परामर्शदाता,गैर सरकारी संस्था वा सेवा प्रदायकको छुट्टाछुट्टै सूची तयार गर्नुपर्ने व्यवस्था बमोजिम यस कार्यालबाट आ.ब.२०७४/०७५ माहुने विभिन्न खरीद सम्बन्धी काम कारबाहीमा संलग्न हुन इच्छुक योग्य फर्म,संघ/संस्था वा व्यक्तिहरुलाई यस कार्यालयमा उपलब्ध हुने आवेदन फाराममा आफूले सुचीकृत हुन चाहेको समूह समेत स्पष्ट रुपमा खोली रु १० को टिकट निवेदनमा टाँस गरि यो सूचना प्रकाशन भएको **१५(पन्ध्र)** दिन भित्र देहायका शर्तहरुको अधिनमा रही यस कार्यालयमा आवेदन गर्नु हुन सूचित गरिएको छ ।

१. आवेदन साथ निम्नानुसारका कागजातका प्रतिलिपीहरु एक-एक प्रति संलग्न गरेको हुनुपर्नेछ ।

क) आफ्नो फर्म दर्ता वा सम्बन्धित व्यवसाय वा सेवा गर्न प्राप्त नवीकरण भएको इजाजत पत्र।

ख) मुल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्र वा स्थायी लेखा नं. दर्ता प्रमाण पत्र ।

ग) प्रचलित कानुन बमोजिम नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने अघिल्लो आर्थिक बर्ष(आ.व. २०७२/०७३) सम्मको कर चुक्ता गरेको प्रमाण(कर विवरण वुझाई चुक्ता प्रमाण पत्र लिन वाकी भए सम्वन्धित कर कार्यलयमा कर विवरणगण पेस भएको प्रमाण) ।

घ) व्यक्तिको हकमा नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।

ङ) सूचिकृत हुन चाहेको समूहको कार्य सम्पादन गर्न योग्य र सक्षम रहेको व्यहोरा खुल्ने कागजातवा प्रमाण ।

२. आवेदनमा कुनै सार्वजनिक निकायसँग सम्झौता भएबमोजिम सम्पादन गर्न जिम्मा लिएको काम अधुरो छोडी वा कुनै सार्वजनिक निकायमा तिर्न बुझाउन बाँकी कर, दस्तुर तथा दायीत्व बाँकी नभएको एवं प्रचलित कानुन बमोजिम त्यस्तो काम गर्न प्रतिबन्ध नलागेको वा कालो सूचीमा नपरेको भनी घोषणा आवेदकले गरेको हुनुपर्नेछ ।

३. यस बमोजिम सूचिकृत हुँदैमा कुनै फर्म, संघ/संस्था वा व्यक्ति कुनै सार्वजनिक निकायले सार्वजनिक खरिद नियमावली,२०६४बमोजिम तोकेको योग्यता पूरा नगरी खरिद सम्बन्धी कारवाहीमा सहभागी हुन सक्नेछैन । मौजुदा सूचीमा सूचीकृत भएकाहरु मध्ये कार्यालयले आफ्नो अनुकुल हुने गरी खरिद कार्यमा सहभागी गराउन सक्ने छ ।

४. सूचिकृत भएको फर्म, संघ/संस्था वा व्यक्तिले यस कार्यालयको खरिद सम्बन्धी कार्यमा संलग्न भएमा प्रचलित कानून बमोजिमकर बिजक जारी गर्नुपर्नेछ ।

५. सूचिकृत भएको कुनै फर्म, संघ/संस्था वा व्यक्तिले प्रचलित कानुन बमोजिम कुनै निकायमा सम्झौता गरी लिएको कुनै कामसमयमै सम्पन्न नगरेको वा सही रुपमा नगरेको वा नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने कर तथा अन्य दायित्व नबुझाएको जानकारी सम्बन्धित निकायबाट प्राप्त भएमा जुनसुकै बखत सूचीबाट हटाउन सक्नेछ ।

६. यस सूचनामा नपरेका अन्य कुराहरुका हकमा सार्वजनिक खरिद ऐन, २०६३(संशोधित) तथा सार्वजनिक खरिद नियमावली, २०६४(संशोधित) तथा प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानुनबमोजिम हुनेछ ।

# खरिद सम्बन्धी काम कारवाहीका लागि सूचीकृत हुनुपर्ने समूहहरु

१. स्टेशनरी लगायत खरिद तथा आपुर्ति तर्फ
स्टेशनरी तथा मसलन्द सामानहरु, छपाई सम्बन्धी कार्यहरु, पत्रपत्रिका तथा पुस्तक आपूर्ति सम्बन्धी

२. विद्युतीय तथा सूचना प्रविधि सम्बन्धि खरिद तथा आपुर्ति तर्फइलेक्ट्रोनिक्स उपकरणहरु, विद्युतीय सामानहरु, कम्प्युटर तथा सूचना प्रविधि सफ्टवेयर, इन्टरनेट तथा सञ्चार सेवा, नेटवर्किङ सम्बन्धी कार्यहरु

३.फर्निचर तथा फिक्चर्स खरिद तथा आपुर्ति सम्बन्धि कार्यहरु ।

४. मेसिन तथा उपकरण खरिद तथा आपुर्ति तर्फ

सवारी साधन तथा सो का पार्ट्स पूर्जा सम्बन्धि, मेशीनरी तथा उपकरणहरु, यानिटेशन (सरसफाइ) का सामानहरु, खानेपानी आपूर्ति तथा धारा जडान सम्बन्धी कार्यहरु

५.सूचना तथा विज्ञापन, सूचना प्रकाशन तथा प्रशारण सम्बन्धि कार्यहरु ।

६.इन्धन तथा अन्य इन्धन आपूर्ति सम्बन्धी कार्यहरु ।

७.रासन तथा अन्य खरिद, आपुर्ति तर्फ

लत्ता कपडा तथा ड्रेस आपूर्ति, औषधि तथा मेडिकल सामग्री आपूर्ती ,राशन खरिद सम्बन्धि काय, पशु पंक्षीको दाना आहार आपूर्ति सम्बन्धी कार्यहरु ।

८. मर्मत सम्भार सम्बन्धि खरिद तथा आपुर्ति सम्बन्धि कार्यहरु ।

९.परामर्श तथा अन्य सेवा सम्बन्धि कार्यहरु ।

१०.गैर सरकारी संस्थाबाट प्रवाह हुने सेवा सम्बनिध कार्यहरु ।

११.सार्वजनिक निर्माण/मर्मत सम्बन्धी कार्यहरु ।

१२.अन्य सामाग्री तथा सेवा सम्बन्धि कार्यहरु ।